# फिदिम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर

१ नं. प्रदेश नेपाल

**आ.व. २०७७/०७८ को आन्तरिक आय ठेक्का वन्दोवस्त सम्वन्धी दरभाउपत्र आह्वानको सूचना।**

दोश्रो पटक सूचना प्रकाशन मिति- २०७७/०४/०१

स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका कर, दस्तुर, शुल्क सम्वन्धी आन्तरिक आय ठेक्का आ.व. २०७७/०७८ को लागि मिति २०७७ श्रावण देखि २०७८ असार मसान्तसम्म र रमिते भ्यूटावर संचालन व्यवस्थापन शुल्क तीन वर्षको लागि वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी र संस्था सम्वन्धित सबैमा सिलवन्दी दरभाउपत्र आह्वानको ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम कवुल अंक वार्षिक मु अ.कर वाहेक | दरभाउपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २३-२०७६/०७७ | पटके सवारी कर / पार्किङ शुल्क | ५,००,०००/- | १०००/- | कवुल अंकको कम्तीमा ३ प्रतिशत | |
| २४-२०७६/०७७ | हाट वजार कर | १,००,०००/- | १०००/- | कवुल अंकको कम्तीमा ३ प्रतिशत | |
| २५-२०७६/०७७ | विज्ञापन कर (न.पा. क्षेत्र भित्र ) | १,५०,०००/- | १०००/- | कवुल अंकको कम्तीमा ३ प्रतिशत | |
| २६- २०७६/०७७ | दहत्तर बहत्तर (ढुंगा/ गिटी/वालुवा) बिक्री तथा निकासी शुल्क (तमोर नदी/हेवाखोला/ निवु खोला/ फेमे खोला र आम्बवा खोला) | १७,५०,०००/- | १०००/- | कवुल अंकको कम्तीमा ३ प्रतिशत | २०७७ साल आश्वीन १ देखि २०७८ जेष्ठ मसान्तसम्म |
| २७-२०७६/०७७ | नगर निकासी शुल्क | ५,००,०००/- | १०००/- | कवुल अंकको कम्तीमा ३ प्रतिशत | |
| २८-२०७६/०७७ | रमिते भ्यु टावर संचालन व्यवस्थापन शुल्क | ६,००,०००/- | १०००/- | कवुल अंकको कम्तीमा ३ प्रतिशत | तीन वर्षको रु दुई लाखका दरले मात्र |

१. दरभाउपत्र फाराम रु. १०००।- अक्षेरेपी रु एकहजार (फिर्ता नहुने) बुझाई प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म ,कम्पनी / संस्थाले दरभाउपत्र खरिद गर्ने गर्ने आ.व. २०७६/०७७ सम्मको नविकरण भएको प्रमाण- **पत्र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण- पत्र, आ.व. २०७५/०७६ मा कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपी समेत वुझाई** यस कार्यालयबाट प्रत्येक ठेक्काको छुट्टा / छुट्टै खरिद गर्न सकिनेछ।

२. यस कार्यालयको छाप र दस्तखत नभएको दरभाउपत्रलाई मान्यता दिईने छैन र छाँया प्रति दरभाउपत्र फाराम स्वीकार्य हुने छैन साथै जसको नामबाट दरभाउपत्र खरिद गरिएको हो सोही फर्मको नामबाट दाखिला गर्नुपर्ने छ।

३. सिलवन्दी दरभाउपत्रको खाममा ठेक्का नं. ठेक्काको नाम र दरभाउपत्रदाताको नाम, ठेगाना, मोवाईल नं. र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ।

४. दरभाउपत्र सूचना दोश्रो पटक प्रकाशन गरिएको मितिले ७ औं दिनको कार्यालय समय भित्र खरिद गरी ८ औं दिनको १२:००भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ र दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन। दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समयमा हुनेछ।

५. सिलवन्दी दरभाउपत्र फारामका साथ आफूले कबुल गरेको अंकको कम्तिमा ३ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाना नं. ०७६०३००००००३००००००००१ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकबाट फिदिम नगरपालिकाको नाममा जारी गरिएको कम्तिमा ७५ दिन मान्य अवधि भएको बैक जमानत पेश गर्नुपर्नेछ।

६. दरभाउपत्र फाराम भर्दा फाराममा तोकिएको विषयहरु आफूले कवुल गरेको अंक र अक्षरमा समेत प्रष्ट लेखिएको हुनुपर्ने छ। कुनै व्यहोरा सच्चाएको ठाँउमा दरभाउपत्रदाताको दस्तखत भएको हुनुपर्ने छ। अंक र अक्षरमा फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

७. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकारलाई वुझाउनु गर्ने सम्पूर्ण कर दस्तुर शुल्क आदि ठेकेदार आफैले वुझाउनु पर्नेछ।

८. यस कार्यालयबाट विगत वर्षहरुमा लगाईएको ठेक्काको रकम वुझाउन वक्यौता रहेको फर्म /कम्पनी/ संस्थाहरुको दरभाउपत्र स्वीकृत हुनेछैन।

९. दरभाउपत्र स्वीकृत भएपछि कवुल रकम दुई किस्तामा वुझाउनु पर्नेछ।

१०. ठेकेदारले नगरपालिकाले दररेट अनुसार मात्र शुल्क पठाउनु पर्नेछ।

११. ठेक्का स्वीकृत पश्चात संझौताको लागि आफूले कवुल गरेको रकम बरावर नगदै यस कार्यालको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त बैकबाट फिदिम नगरपालिकाको नाममा जारी भएको २०७८ साल भाद्र मसान्त सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।

१२. माथि उलेखित सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१३. यस सम्वन्धमा थप कुरा वुझ्न परेमा कार्यालयको फोन नं. ०२४- ५२०१०७ मा सम्पर्क गर्न सक्नु हुनेछ।

१४. उल्लेखित ठेक्काको दर वीड डकुमेण्टमा संलग्न गरिएको छ।

१५ . यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

अम्विका प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

.............................

अम्विका प्रसाद अधिकारी